आज मिति २०७६/०३/०८ गते आईतबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ६२ औ बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि दहाय बमोजिमको प्रस्ताप उपर छलफल गरि निर्णयहरु गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ नं. वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री वीरध्वज लिम्बु
श्री प्रकाश कुमार प्रधान
श्री भीम ब० बुढाथोकी
श्री प्रदिप न्यौपाने

प्रस्ताव नं. १ - जग्गाको थैलि अङ्क सम्बन्धमा ।

निर्णय नं. १ - उक्त प्रस्ताव उपर छलफल गर्दा आ.व. ०७६/०७७ का लागि माईजोगमाई गाउँपालिका क्षेत्र भित्रका जग्गा रजिष्ट्रेसन प्रयोजनका लागि तपशिलका बमोजिम न्यूनतम मुल्याङ्कन अङ्क सिफारिस गरि जिल्ला मालपोत कार्यालय इलाम पठाउने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | जग्गाको क्षेत्र / सिमा | न्यूनतम मूल्य प्रतिरोपनि | कैफियत |
|---|---|---|---|
| | **वडा नं. १** | | |
| १ | नयाँबजार बजार क्षेत्र | २० लाख | |
| २ | फिक्कल नयाँबजार सडक आसपास | १ लाख | |
| ३ | नयाँबजार जौबारी सडक आसपास | ६० हजार | |
| ४ | नयाँबजार सोयाङ्ग इ.न.पा. सडक आसपास | ७० हजार | |
| ५ | नयाँबजार नामसालिङ्क इ.न.पा सडक आसपास | ८० हजार | |
| ६ | फिक्क आरुबोटे प्रेमेजुङ्ग सिद्ध देवि सडक आसपास | ५० हजार | |
| ७ | नयाँबजार जोगमाई सडक आसपास | ५० हजार | |
| ८ | भित्रि कच्ची सडकले छोएको क्षेत्रहरु | ३५ हजार | |
| ९ | नयाँबजार खरखरे छिपछिपे थुम्के ओभाने रमिते आलभन्याङ्ग जौबारी फाटक तुम्लिङ्ग मेग्मा पर्दन सडक आसपास | ५ लाख | |
| | **वडा नं. २** | | |
| १ | शनिश्चरे बजार क्षेत्र | ८ लाख | |
| २ | गुम्बा सरसुङ्ग अधेरी मानेभन्याङ सडक आसपास | १ लाख | |
| ३ | छिपछिपे महादेव थान मानेभञ्ज्याङ सडक आसपास | १ लाख | |
| ४ | वडा कार्यालय आसपासको क्षेत्र | ५० हजार | |
| | **वडा नं. ३** | | |
| १ | इ.न.पा हातिटार शुक्रबारे नयाँबजार सडक आसपास | १ लाख | |
| २ | माम्चोक फिक्कल सडक आसपास | १ लाख | |
| ३ | फिक्कल गुप्ति शुक्रबारे सडक आसपास | १ लाख | |
| ४ | शुक्रबारे बजार क्षेत्र | ८ लाख | |
| ५ | अन्य मुख्य बस्ति क्षेत्र | १ लाख ५० हजार | |

| | | | |
|---|---|---|---|
| ६ | अन्य कच्ची सडकले छोएको क्षेत्र | ५० हजार | |
| | **वडा नं. ४** | | |
| १ | इ.न.पा हात्तिटार शुक्रबारे नयाँबजार सडक आसपास | १ लाख | |
| २ | फिक्कल माम्चोक हात्तिटार सडक आसपास | १ लाख | |
| ३ | वडा कार्यालय आसपास | २ लाख | |
| ४ | अन्य मुख्य बस्ति क्षेत्र (नेपाल डाँडा सिमालिगाउँ घुमाउनेटार नेवारगाउँ मैदान गाउँ हात्तिटार ) | १ लाख ५० हजार | |
| ५ | अन्य कच्ची सडकले छोएको क्षेत्र | ५० हजार | |
| | **वडा नं. ५** | | |
| १ | नयाँबजार स्याल ढुङ्गा इ.न.पा. सडक आसपास | १ लाख ५० हजार | |
| २ | सोयाङ्गखोला टारी साविक टोल नं. ८ - ७-६-३-१ रिङ्गरोड सडक आसपास | १ लाख | |
| ३ | सोयाङ्गखोला थापा डाँडा देखि सोयाङ्ग ४ सडक आसपास | ८० हजार | |
| ४ | वडा कार्यालय आसपास | २ लाख | |
| ५ | अन्य कच्ची सडकले छोएको क्षेत्र | ४० हजार | |
| | **वडा नं. ६** | | |
| १ | नयाँबजार प्याङ्ग सडक आसपास | २ लाख पचास हजार | |
| २ | पञ्चमी बजार क्षेत्र | २ लाख ७० हजार | |
| ३ | प्याङ्ग इ.न.पा. सडक आसपास | १ लाख | |
| ४ | रातमाटे पञ्चमी कलसिङ् सोमबारे सडक आसपास | १ लाख | |

अन्य:सबै वडाको ३० हजार

प्रस्ताव नं. २ - आ.व. ०७६/०७७ का लागि निति तथा कार्यक्रम सम्बन्धमा ।
निर्णय नं. २ - यस माईजोगमाई गाउँपालिकाको आ.व. ०७६/०७७ का लागि निति तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि गाउँसभामा पेशमा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ - माईजोगमाई गाउँपालिकाको आर्थिक विधेयक २०७६ सम्बन्धमा ।

निर्णय नं. ३ - माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष ०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न तयार गरिएको माईजोगमाई गाउँपालिकाको आर्थिक विधेयक २०७६ तयार गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ - माईजोगमाई गाउँपालिकाको विनियोजन विधेयक २०६७ सम्बन्धमा ।
निर्णय नं. ४ - माईजोमाई गाउँपालिकाको आ.व. ०६७/०७७ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको माईजोगमाई गाउँपालिकाको विनियोजन विधेयक २०७६ तयार गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ - आ.व. ०७६/०७७ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
निर्णय नं. ५ - आ.व. ०६७/०७७ का लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको बजेट तथा कार्यक्रम माथि छलफल गर्दा पुँजिगत तर्फको अन्य पुँजिगत शिर्षकको सवारी साधन खरिद उपशिर्षक मा रहेको रु ३५ लाखबाट चालु तर्फको सवारी भाडा शिर्षकमा रु १२ लाख र पुँजिगत तर्फनै सामाजिक विकास शिर्षकको लक्षित समुदाय शिर्षक हेरचाहाको लागि उत्प्रेरणा कार्यक्रम उपशिर्षकमा रु ९ लाख, पूर्वाधार विकास शिर्षकको स्थानिय सडक तथा झोलुङ्गे पुल निर्माण तर्फ ढाडेखोला सोमगोलाई बुद्धगोलाई मूलखर्क सडक मर्मत तथा निर्माणमा रु ४ लाख, सुशासन तथा संस्थागत क्षमता विकास तर्फ छुटन गएको पञ्जिकरण व्यवस्थापन कार्यक्रम उपशिर्षकमा रु ५ लाख र स्थानिय विकास कोषका लागि रु ५ लाख विनियोजन गर्ने गरि परिमार्जनसहि स्वीकृतका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ - विविध ।
निर्णय नं. ६ क) जिल्लास्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि गाउँपालिका स्तरबाट छनोट भएका पचहतर खेलाडीहरुलाई तर्दथ खेलकुद समिति माईजोगमाई गाउँपालिकामार्फत खेल पोषाक वितरण गर्न गर्न रु १ लाख ५० हजार मात्र तर्दथ खेलकुत समिति माईजोगमाई गाउँपालिकालाई उपलब्ध गराउने निर्णय गरियो ।